उपराष्ट्रपति

काठमाडौं, नेपाल

# कुमारी इन्द्रजात्रा र अनन्त चतुर्दशी(अनवत), २०८२ को शुभकामना सन्देश

कुमारी इन्द्रजात्रा र अनन्त चतुर्दशी (अनवत) पर्व, २०८२ को पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक मंगलमय शुभकामनां व्यक्त गर्दछु ।

धार्मिक तथा सांस्कृतिक विविधतायुक्त हाम्रो देश र समाजमा मौलिक लोकपर्वहरू मध्ये कुमारी इन्द्रजात्रा एक विशिष्ट पर्व हो । काठमाडौं उपत्यका र वरपरका क्षेत्रमा विशेष रूपमा मनाइने यस पर्वमा वर्षा र सहकालका देवता इन्द्र, जीवित देवी कुमारी, गणेश, भैरव, देवी लक्ष्मी तथा भगवान विष्णुको पूजाआर्चना गर्ने मौलिक परम्परा रही आएको छ । जीवित कुमारीको पूजा तथा रथयात्रा, लिङ्गो ठड्याउने परम्परा, भैरव नाच, गणेश नाच लगायतका सांस्कृतिक प्रस्तुतिहरूले नेपाली सभ्यता र परम्पराको मौलिक पहिचानलाई उजागर गर्दै राष्ट्रिय एकताको सन्देश फैलाउने कार्यमा योगदान पुऱ्याइरहेका छन् ।

कुमारी इन्द्रजात्राले नेपालको अनुपम 'जीवित देवी' कुमारीलाई शक्ति र पवित्रताको प्रतीक मानिन्छ । इन्द्रजात्राका अवसरमा निकालिने उहाँको रथयात्राले समाजमा धार्मिक आस्था र विश्वासलाई बलियो बनाउँदछ। इन्द्रजात्रा जस्ता परम्पराले नेपालीहरूलाई आफ्नो अनुपम संस्कृति र पहिचानमा गर्व गर्ने मौका दिन्छ । यसले हामीलाई हाम्रो सांस्कृतिक सम्पदाको महत्व सम्झाउँदै त्यसको संरक्षण गर्न प्रेरित गर्छ । यो जात्रा नेपालको एक जीवन्त सांस्कृतिक धरोहर हो, जसले सामाजिक, सांस्कृतिक र धार्मिक महत्वका साथै सकारात्मकता, एकता र विश्वासको सन्देश दिँदै आएको छ । यसले हामीलाई हाम्रो गौरवशाली इतिहास र परम्परालाई सम्मान गर्न पनि सिकाउँदछ ।

इन्द्रजात्राका अवसरमा कुमारीको रथयात्रा हेर्न र उहाँको आशीर्वाद लिनका लागि नेवार समुदायका साथै अन्य समुदायका मानिसहरू पनि भेला हुन्छन्, जसले सामाजिक सद्भाव र एकतालाई बढावा दिन्छ । यो जात्राले पुरानो पुस्ताबाट नयाँ पुस्तामा परम्परा, रीतिरिवाज र सांस्कृतिक ज्ञान हस्तान्तरण गर्न मद्दत गर्दछ । यो जात्राले आन्तरिक र बाह्य पर्यटनलाई पनि बढावा दिन्छ, जसले देशको अर्थतन्त्रलाई पनि सहयोग पुऱ्याउँछ ।

यसैगरी, विशेषतः तराई-मधेशमा आजकै दिन **अनन्त चतुर्दशी (अनवत)** पर्व मनाउने परम्परा रही आएको छ । यो पर्व देवी लक्ष्मी तथा भगवान विष्णुको पूजाआर्चना गर्दै मनाइने धार्मिक अनुष्ठान हो । यस दिन श्रद्धालुहरूले भगवान विष्णुको अनन्त स्वरूपको प्रतीकस्वरूप १४ गाँठो भएको अनन्त सूत्र (डोरो) पाखुरामा बाँध्ने परम्परा छ । सूत्रमा रहेका १४ वटा गाँठोले १४ लोक वा १४ ब्रह्माण्डको प्रतिनिधित्व गर्दछन् भन्ने धार्मिक विश्वास रही आएको छ । यो सूत्र बाँध्नाले भगवान विष्णुको कृपा प्राप्त हुने, सुख, समृद्धि र शान्ति मिल्ने तथा जीवनका सबै संकटहरूबाट मुक्ति पाइने धार्मिक मान्यता छ । यो पर्वले धर्ममा आस्था र विश्वासलाई दृढ बनाउँछ । यसले सामूहिक भावनालाई बलियो बनाउने प्रतीकात्मक सन्देश दिन्छ ।

अन्त्यमा, यी जात्रा र पर्वहरू भूगोल, क्षेत्र, समुदाय तथा परम्परागत नाम अनुसार फरक-फरक शैली र नामले मनाइए पनि सबैको साझा उद्देश्य हाम्रो राष्ट्रियता, अखण्डता, पारस्परिक प्रेम, भ्रातृत्व, सौहार्द, सहयोग र एकताको भावना विकास गर्नु हो । यसले नेपाली समाजमा आध्यात्मिक चेतना, नैतिकता तथा राष्ट्रिय एकताको भावना सुदृढ गर्दै समृद्ध राष्ट्र निर्माणको मार्गमा सबैलाई प्रेरित गर्ने विश्वास लिएको छु । यस पावन अवसरमा सम्पूर्ण नेपालीमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ भदौ २१ गते शनिबार ।

ने.सं. ११४५ यलाथ्व, चतुर्दशी ।

रामसहाय प्रसाद यादव

उपराष्ट्रपति